आज मिति २०८१।१०।१३ गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री शंकर बहादुर बिष्ट | का.वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | बिमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री चुरामणी पन्थी | सदस्य सचिव | बुद्धभूमि न.पा. | |

बैठक नं. १०/२०८१।०८२

**मिति :२०८१।१०।१३ गते बिहान ८:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

**निर्णयः** मिति २०८१।०९।२९ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो । साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. **आय व्यय सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८१।०९।२८ गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ३२.८४ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ५.६१ प्रतिशत रकम खर्च भएको जानकारी प्राप्त भयो । साथै आन्तरिक राजश्व तर्फ १ करोड ५० लाख ४ हजार १५६ रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो ।

३. **सम्पन्न योजनाहरूको फर-फारक सम्बन्धमा ।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ मा सञ्चालित योजना तथा कार्यक्रम मध्ये मिति २०८१।०९।२९ देखि २०८१।१०।१२ गते सम्म तपसिलका योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको व्यहोरा जानकारी प्राप्त भयो ।

**तपसिल**

१. इमिलिया साप्ताहिक हाट बजार मर्मत, वडा नं. ९

४. **तराई मधेस समृद्धि कार्यक्रमको योजना माग सम्बन्धमा ।**

**निर्णयः** तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत मिति २०८१।०९।२९ गतेको प्रकाशित सूचना अनुसार आ.व. २०८२।०८३ को लागि तराई मधेश क्षेत्रका स्थानीय तहबाट निर्देशिकाको दफा -५ को उपदफा (१), (२) र (३) मा उल्लेखित लागत सहभागिता व्यहोर्ने गरी निर्देशिकाको दफा ७(२), ७(जं) र ७(४) मा तोकिएका क्षेत्रहरूबाट एउटा स्थानीय तहलाई अधिकतम ५ वटा आयोजना पठाउने भनिएकोमा यस नगरपालिकाबाट तपसिलका योजनाहरू माग गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.स. | योजनाको नाम | वडा नं | लागत अनुमान |
|---|---|---|---|
| १ | जानकी आधारभूत विद्यालय २ कोठे पक्की भवन निर्माण बैरिहवा | ६ | ५० लाख |
| २ | गब्दहवा आधारभूत विद्यालय २ कोठे पक्की भवन निर्माण गब्दहवा | ९ | ५० लाख |
| ३ | धनकौली स्वास्थ्य चौकी जाने सडक धनकौली | १० | |

चुडामणी पंथी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

५. **लागत सहभागिताको योजना सम्बन्धमा।**

**निर्णयः** लागत साझेदारी तर्फ ५०/५० र ६०/४० कार्यक्रम मध्येबाट स्वीकृत भै सम्झौता गर्न नआउने योजनाहरू संशोधन गर्ने तथा संघ संस्था/ समूहहरूबाट माग भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रममा लागत साझेदारीमा थप गर्ने निर्णय गरियो। साथै लागत साझेदारी ६०।४० तर्फ विनियोजन भएको २ वटा योजनाहरू सम्झौता नभएकाले सो बाट बचत हुन आएको रकम रू. ६,९०,०००।- रकम ५०।५० कार्यक्रममा थप गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र. सं. | भएको योजनाको नाम | वडा नं. | रकम | | | संशोधन पश्चात योजनाको नाम | रकम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | न.पा. | उ.स. | जम्मा | | रकम | रकम | रकम |
| लागत सहभागिता ५०/५० कार्यक्रम | | | | | | | | | |
| १ | सिचाँई मुल कुलो निर्माण चंघाट | १ | १०लाख | १०लाख | २० लाख | डाँडा कुलो रूख बहादुर वि.क.को घरदेखि नवराज श्रेष्ठकोघर हुँदै पुच्छरासम्म कुलो निर्माण, चंघाट | ५ लाख | ५ लाख | १० लाख |
| | | | | | | चंघाट खाल कुलो पानी फेकवा हुँदै प्रितमको घर सम्म | ५ लाख | ५ लाख | १० लाख |
| २ | तारकेश्वर धाम संरक्षण समिती मन्दिर निर्माण | १ | ५ लाख | ५ लाख | १०लाख | तारकेश्वरमा रहेको पोखरी मर्मत तथा निर्माण वडा नं. १, पत्थरकोट | ५ लाख | ५ लाख | १०लाख |
| ३ | ने रा आ वि जाने बाटोको पुल योजना | ३ | ७लाख | ७लाख | १४लाख | ने रा आ वि जाने बाटोको पुल योजना, वडा नं. ३ | १०लाख | १०लाख | २०लाख |
| ४ | हरिहरपुर पुर्वडि देखी निमडाडा स्कुल जाने बञ्जीहवामा बाटोमा कल्भर्ट निर्माण | ८ | ५ लाख | ५ लाख | १०लाख | | | | |
| ५ | हरिहरपुर पश्चिमडिहको खेलमैदान देखी तालमा आउने बाटोमा पर्ने कुलोमा कल्भर्ट निर्माण | ८ | ४लाख | ४लाख | ८लाख | दुविया तालदेखि गोरापुरे सम्म जाने पक्की कुलो निर्माण | २लाख | २लाख | ४ लाख |
| | | | | | | भेलाई खेलमैदानमा खानेपानी तथा शौचालय निर्माण, वडा नं. १ | ३लाख ५०हजार | ३लाख ५०हजार | ७ लाख |
| | | | | | | भेलाई- चपेला डोडइया सिचाई कुलो निर्माण, वडा नं. १ | ४लाख | ४लाख | ८ लाख |

६. **विविध।**

क) **सोलार बत्ती मर्मत सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको विभिन्न वडामा जोडिएको सोलर बत्तीहरू बिग्रिएको हुनाले सोलर बत्ती मर्मतको लागि सोहौं नगरसभबाट पेज नं. ८ को सि.नं. ५ सडक बत्ती मर्मत अन्तर्गत रू. ५ लाख विनियोजन भएकोले तपसिलको स्थानमा सडक सोलार वत्ती मर्मत तथा जडान गर्ने निर्णय गरियो।

**तपसिलः**

१. वडा नं. ९, डुमरा गाउँको भित्र भएको सोलर बत्ती मर्मत – १ थान
२. वडा नं. ६, मुहुवा गाउँको सोलर बत्ती मर्मत – १ थान
३. वडा नं. ३, दुविया गाउँ देखि रमगाई जाने सडकको बीच जंगलमा सोलार बत्ती मर्मत – १ थान

दुर्गामणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

४. वडा नं. १, पर्वतिनीया दलित बस्तीमा रहेको सोलार बत्ती मर्मत – १ थान

५. नगरभित्र रहेका सोलर बत्ती मध्ये स्थान्तरण गर्नुपर्ने मध्येबाट मर्मत गरी वडा नं. १०को रामघाटमा २ थान जडान गर्ने -२ थान

६. वडा नं. १ चफेला चोक सोलर बत्ती मर्मत – १ थान

७. वडा नं. ३ घन्चौरा भग्गुचोक सोलर बत्ती मर्मत – १ थान

ख) **६ नं. वडा कार्यालयको पत्र सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिका ६ नं. वडा कार्यालयको च.नं. ४९४ मिति २०८१।१०।०८ को पत्रानुसार वडा नं. ६ नयाँनगर निवासी द्वारिका मल्लाहको छोरा भरोसे मल्लाहको कच्ची घर र गोठमा मिति २०८१।१०।०६ गतेको दिन आगलागि भई सम्पूर्ण सामानहरु जलेर नष्ट भएको हुँदा आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.१०,०००। (अक्षरुपि दश हजार रुपैयाँ मात्र।) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ग) **सार्वजनिक शौचालय सञ्चालन सम्बन्धमा ।**

**निर्णय :** बुद्धभूमि नगरपालिका वडा नं. ४ हनुमानचोक बुड्ढीमा रहेको सार्वजनिक शौचालय हाल बन्द रहेकोले बुद्धभुमि नगरपालिका वडा नं. ४ निवासी पवित्रा आचार्यले दिनु भएको निवेदन अनुसार उक्त सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन गर्न इच्छुक रहेकोले निजलाई तहाँ रहेको १ सटर कोठा प्रयोग गरी उक्त सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनको लागि नगरपालिकालाई कुनै पनि आर्थिक व्ययभार नपर्ने गरी एक वर्षको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

तुलमणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख